# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १८६ | काठमाडौं | सोमबार, २१ कात्तिक २०७९ | Prabhab National Daily | Monday, November 7, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## 'पुनःमतदान गर्नुपर्ने अवस्था आउन दिन्नौं'

■ प्रभाव संवाददाता

**झापा–** प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा पुनःमतदान गर्नुपर्ने अवस्था आउन नदिने बताएका छन् । आइतबार झापाको बिर्तामोडमा निर्वाचन आयोग र नेपाल कानुन समाजले आयोजना गरेको 'निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाहरूको भूमिका' विषयक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

- ठूलो प्राकृतिक विपत्तिबाहेक अन्य कारणले मतदान स्थगित हुने अवस्था नहुने
- मतदातालाई भयरहित वातावरणमा मतदान गर्न पाउने अवस्था सुनिश्चित गरिने ।

उनले कुनै पनि मतदान केन्द्रमा पुनःमतदान गर्नुपर्ने स्थिति सिर्जना हुन नदिनेगरी निर्वाचन सम्पन्न गराउने तयारीका साथ निर्वाचन आयोग अघि बढेको बताए । ठूलो प्राकृतिक विपत्तिबाहेक अन्य कारणले मतदान स्थगित हुने अवस्था नहुने उनको भनाइ छ ।

प्रमुख आयुक्त थपलियाले मतदातालाई भयरहित वातावरणमा मतदान गर्न पाउने अवस्था सुनिश्चित गरिने बताए । कुनै पनि मतदाताले आफूलाई लोभलालच र धाकधम्कीका कारण मतदान गर्नबाट अप्ठ्यारो स्थिति सिर्जना गरियो भन्ने गुनासो आउने वातावरण सिर्जना हुन नदिने उनले प्रतिबद्धता जनाए । यसका लागि आयोगले देशभर सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको उल्लेख गर्दै सुरक्षा व्यवस्थाका लागि पूर्णतयारीमा रहन सुरक्षा निकायका अधिकारीहरूसँग उनले आग्रह गरे । 'सुरक्षाका कारण वा राजनीतिक दलले कुनै पनि मतदातालाई प्रभाव पार्ने कुनियत राखेको खण्डमा त्यस्ता तत्त्व वा व्यक्तिलाई नियमसंगत कारबाही गरिन्छ,' प्रमुख आयुक्त थपलियाले भने ।

निर्वाचन आचारसंहिता र निर्वाचन खर्चको पालनासहित स्वच्छ र स्वतन्त्र निर्वाचनमा उनले जोड दिए । सामाजिक सञ्जालमार्फत हुनसक्ने मिथ्या सूचना, दुष्प्रचार र घृणाष्पद अभिव्यक्तिलाई नियमन गर्नसमेत आयोग लागि परेको प्रमुख आयुक्त थपलियाले बताए । 'निर्वाचनको स्वच्छतासँगै लोकतन्त्र र अभिव्यक्ति स्वतन्त्रताको भरपूर उपभोग गर्न सक्ने वातावरणका साथ यो निर्वाचनलाई सम्पन्न गराउन आयोग अघि बढेको छ,' उनले भने ।

कार्यक्रममा झापाका मुख्य निर्वाचन अधिकृत चन्द्रमणि ज्ञावाली, प्रमुख जिल्ला अधिकारी छवि रिजाल, जिल्ला प्रहरी प्रमुख विश्वमणि पोखरेल, नेपाल बार एसोसिएसनका पदाधिकारी, विभिन्न उम्मेदवार, जिल्लास्थित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि र नागरिक समाजका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

देउवा–दाहाल रणनीति

# चुनाव जित्न 'मुख्यमन्त्री कार्ड'

प्रधानमन्त्री शेरबहादुर देउवाले माओवादी केन्द्रका खगराज भट्टलाई सुदूरपश्चिमको मुख्यमन्त्रीको रूपमा अघि सार्दा माओवादी अध्यक्ष पुष्पकमल दाहालले कांग्रेसका सुरेन्द्रराज पाण्डे गण्डकीको भावी मुख्यमन्त्री भएको बताइरहेका छन् । चुनावमा गठबन्धन दलबाट अन्तर्घातको डरले मुख्यमन्त्रीको आश्वासन दिइएको टिप्पणी हुन थालेको छ ।


खगराज भट्ट (सुदूरपश्चिम)


सुरेन्द्रराज पाण्डे (गण्डकी)

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्नो निर्वाचन क्षेत्र डडेलधुराका मतदातासँग सातौं पटक जितका लागि मत माग्ने क्रममा सुदूरपश्चिम प्रदेशको भावी मुख्यमन्त्रीको नाम किटेरै भन्दै आएका छन् । उनले भन्दै आएको नाम हो– खगराज भट्ट । नेकपा माओवादी केन्द्रका सुदूरपश्चिम प्रदेश इन्चार्ज भट्ट २०६४, २०७० र २०७४ को चुनावमा देउवालाई कडा टक्कर दिने नेता हुन् ।

यसपटक भट्ट डडेलधुराको प्रदेश 'क'मा उम्मेदवार छन् । चुनावी अभियानमा सँगसँगै लिएर हिँडेका देउवाले आइतबार पनि मुख्यमन्त्री बनाउने दोहोर्‍याए । 'मसँगै खगराज भट्टजी र गोविन्द बोहराजीलाई चुनाव जिताउनुहोस् । मत दिनुहोस् । यहाँको थप विकास हुन्छ । भट्टजीलाई प्रदेशको मुख्यमन्त्री बनाउन पहल गर्छु,' आलितालमा आयोजित कार्यक्रममा प्रधानमन्त्री देउवाले भने ।

उनको आश्वासनलाई माओवादीको मत सर्लक्कै तान्ने र चुनाव सहजै जित्ने रणनीतिको रूपमा कतिपयले बुझेका छन् । चुनावमा देउवाका मुख्य प्रतिस्पर्धीको रूपमा नेपाली कांग्रेस (बिपी)का उम्मेदवार कर्ण मल्ल छन् । उनी देउवाकै पूर्वस्वकीय सचिव हुन् । सुदूरपश्चिम प्रदेशसभा सदस्य भइसकेका उनलाई नेकपा एमालेको समर्थन छ ।

मल्लसँगै अर्का प्रतिस्पर्धी इन्जिनियर सागर ढकाल पनि छन् । फेरि, सामाजिक सञ्जालमा चलेको चर्चित अभियान 'नो नट अगेन'को सिकार हुनेमा देउवा पनि छन् । चुनाव आउन करिब दुई साता छँदा यसरी चुनौती बढ्दै गएको अवस्थाबीच देउवाले 'मुख्यमन्त्री कार्ड' फालेका हुन् । भट्टले पनि चुनाव जितेपछि आफू मुख्यमन्त्रीको स्वाभाविक दाबेदार हुने बताए । उनले आगामी ४ मंसिरमा हुने निर्वाचनबाट विजयी हुने र मुख्यमन्त्रीमा दाबेदारी पेस गर्ने बताए ।

'जिल्लाको पहिलो पार्टी कांग्रेस र दोस्रो पार्टी माओवादी केन्द्र हो । गठबन्धनमा रहेका हामीले स्थानीय चुनावमा ५२ वडामध्ये ४७ वडा र सातवटै पालिकामा जितेका छौं । त्यसो हुनाले यसपटक यहाँ विजय मात्र होइन ऐतिहासिक विजय हुन्छ,' भट्टले प्रभावसँग टेलिफोनमा भने, 'विजय भएपछि मुख्यमन्त्रीमा दाबी पेस गर्नेछु ।'

भट्टका चुनावी प्रतिस्पर्धी एमालेका पूर्वमन्त्री पठानसिंह बोहरा छन् । बोहरालाई चुनावमा पराजित गर्ने दाबी भट्टको छ । सुदूरपश्चिम प्रदेशमा हाल माओवादीका त्रिलोचन भट्ट मुख्यमन्त्री छन् ।

तर, सत्ता गठबन्धनकै एउटा घटक नेकपा एकीकृत समाजवादीका महासचिव डा. वेदुराम भुसालले १४ कात्तिकमा पार्टीको घोषणापत्र सार्वजनिक गर्ने क्रममा चुनावपछि गठबन्धन नरहन सक्ने बताइसकेका छन् । उनले भनेजसरी गठबन्धन चुनावपछि कायम नरहे भट्टको मुख्यमन्त्री बन्ने सपना तुहिनसक्छ ।

यसरी मुख्यमन्त्रीको सपना बाँड्ने नेता प्रधानमन्त्री देउवा एक्ला होइनन् । माओवादी अध्यक्ष पुष्पकमल दाहालले पनि बारम्बार गण्डकी प्रदेशको भावी (बाँकी पृष्ठ ३ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## असोजमा ६३ हजारले लिए श्रम स्वीकृति

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको तेस्रो महिना अर्थात् असोजमा रोजगारीका लागि विदेश जाने नेपालीको संख्यामा गिरावट आएको छ । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार असोज महिनामा वैदेशिक रोजगारीमा जानका लागि ६२ हजार ७०६ जनाले श्रम स्वीकृति लिएका छन् । अघिल्लो महिना भदौको तुलनामा यो संख्या करिब साढे १३ हजारले न्यून हो ।

स्वीकृतिको आधारमा यतिखेर रोजगारीका लागि अन्य मुलुकभन्दा मलेसिया नेपालीको रोजाईमा परेको विभागको तथ्यांकले देखाएको छ । साथै मलेसियाबाट नेपाली कामदारको माग पनि बढ्दो देखिएको छ ।

मलेसिया जाने कामदारको संख्या भदौ महिनाको तुलनामा असोजमा घट्नुको कारण चाडबाड र आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनले प्रभाव पारेको हुनसक्ने विभागका निर्देशक एवं सूचना अधिकारी कृष्णप्रसाद भुसालले बताए । उनका अनुसार आगामी दिनमा मलेसिया जाने नेपालीको संख्या बढ्दै जाने र समग्रमा वैदेशिक रोजगारीमा जानेको संख्या अझै बढ्ने देखिन्छ । गत आर्थिक वर्षमा ३५ हजारको हाराहारीमा मात्रै मलेसिया जान नेपालीहरूले श्रम स्वीकृति लिएका थिए । गत आवमा नेपालीहरूका लागि पाँचौं श्रम गन्तव्य बन्न पुगेको मलेसियामा अहिले तीन महिनामा नै झण्डै ८७ हजारले रोजगारीका लागि श्रम स्वीकृति लिएको विभागको तथ्यांकले देखाउँछ ।

त्यस्तै असोज महिनामा कतारमा नौ हजार ८४५, संयुक्त अरब इमिरेट्स (युएई)मा सात हजार ८४५, साउदी अरेबियामा छ हजार ५३६ र कुवेतमा जान तीन हजार ४९७ जनाले श्रम स्वीकृति लिएको विभागले जनाएको छ । यी पाँच देशले मात्रै कूल श्रम स्वीकृतिको ९० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको देखिन्छ । त्यस्तै माल्टामा एक हजार १२, रोमानियामा एक हजार १८०, बहराइनमा ५५२, जापानमा ५११, क्रोएसियामा ५३७ र ओमानमा ४२७ जनाले रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका छन् ।

त्यस्तै कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने १८ हजार ६७२ जना छन् भने पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ४४ हजार ३४ जना रहेको छन् । समग्रमा असोज महिनामा श्रम स्वीकृति लिनेमध्ये पाँच हजार ४१० जना महिला रहेको विभागले उल्लेख गरेको छ ।




कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने १८ हजार ६७२ जना छन् भने पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ४४ हजार ३४ जना रहेको छन् । समग्रमा असोज महिनामा श्रम स्वीकृति लिनेमध्ये पाँच हजार ४१० जना महिला रहेको विभागले उल्लेख गरेको छ ।

विभागका अनुसार गत भदौ महिनामा ७६ हजारभन्दा बढीले वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका थिए । चालु आवमा एकपछि अर्को महिना रोजगारीका लागि विदेशिने नेपालीको संख्या बढे पनि चाडबाडका कारण असोज महिनामा श्रम स्वीकृति लिनेको संख्या घटेको विभागले जनाएको छ । कोरोना महामारीका कारण झण्डै दुई वर्ष थला परेको वैदेशिक रोजगारी गत आर्थिक वर्षबाट पुरानै लयमा फर्किंदै चालु आवमा पनि यसको निरन्तरता जारी छ । चालु आर्थिक वर्ष सुरु भएयता मलेसिया जाने नेपाली कामदारको संख्या उल्लेख्य बढे पनि असोज महिनामा केही गिरावट आएको छ । कोरोनाका कारण पछिल्ला दुई वर्ष कामदार लैजान रोकेको मलेसियाले आप्रवासी कामदार आपूर्ति गर्न खुल्ला गरेसँगै मलेसिया जान गत भदौ महिनामा ३५ हजार ३७२ जनाले श्रम स्वीकृति लिए पनि असोज महिनामा २७ हजार ६२ जनाले मात्रै स्वीकृति लिएका छन् । श्रम

विभागको तथ्यांकअनुसार जिल्लागतरूपमा मधेसका जिल्लाबाट सबैभन्दा बढी रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । धनुषा, सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा, सप्तरीबाट विदेश जानेको संख्या अन्य जिल्लाको भन्दा बढी रहेको छ । झापा, मोरङ, सुनसरी, रूपन्देही, तनहुँ, दाङ र स्याङ्जाबाट पनि उल्लेख्य मात्रामा नेपालीहरू विदेश गएको विभागले जनाएको छ ।

चालु आर्थिक वर्षको सुरुआती महिनादेखि नै रोजगारीका लागि मलेसिया जाने नेपाली कामदारको संख्या बढ्नुले खाडी मुलुकमा कामदारको माग घटेको संकेत गरेको जानकारहरू बताउँछन् । साथै, तुलनात्मक रूपमा मलेसिया रहनसहन र पारिश्रमिकको हिसाबले पनि खाडी मुलुकभन्दा राम्रो रहेको उनीहरूको भनाइ छ । पछिल्लो समय मलेसिया सरकारले श्रमिकको आधारभूत पारिश्रमिक बढाउने निर्णय गरेसँगै मलेसिया जाने नेपालीहरूको संख्या बढ्दो रहेको छ ।


## बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं १, झापा नेपाल


## उपभोक्ता हित संरक्षणमा जारी सूचना

### उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

## तथ्यांकमा निर्वाचन




*इन्फोग्राफिक्स्: निर्वाचन आयोग*

# दल र उम्मेदवारले गर्ने खर्चमा आयोगको निगरानी

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले दल र उम्मेदवारको खर्चको अनुगमन भइरहेको जनाएको छ । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको प्रचारप्रसारका क्रममा जुलुस, आमसभा र कोणसभा गर्न पाउने चरण गत बिहीबारदेखि सुरु भएसँगै आयोगले खर्चको अनुगमन सुरु गरेको हो ।

आचारसंहिताबमोजिम निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैं वा प्रतिनिधिमार्फत मतदान सम्पन्न भएको १५ दिनभित्र निर्वाचन कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए । सोका अतिरिक्त आयोगबाट केन्द्रस्तरको अनुगमन टोली खटिने छन् ।

आयोगले उम्मेदवार तथा राजनीतिक दलले निर्वाचन आचारसंहिता, २०७९ को पालनसहित तोकेको (हद) सीमाभित्र रही खर्च गरे/नगरेको निगरानी गरी आचारसंहिताको दफा ४२ बमोजिम आयोगमा विवरण उपलब्ध गराउन गृह मन्त्रालयमार्फत नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागलाई जिम्मेवारी दिएको छ ।

आचारसंहिता नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रीले आयोगको सहमतिमा निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी साधनको प्रयोग भए/नभएको विषयमा आवश्यक निगरानीको व्यवस्था गरिएको छ ।




आयोगले निर्वाचन क्षेत्रको मतदाता संख्या र भूगोलका आधारमा प्रतिनिधिसभाको प्रत्यक्षका लागि २५ लाखदेखि ३३ लाख रूपैयाँसम्म र प्रदेशसभाको प्रत्यक्षतर्फ १५ लाखदेखि २३ लाख रूपैयाँसम्म खर्च गर्न पाउनेगरी हद निर्धारण गरेको छ । यस्तै समानुपातिक प्रणालीतर्फ प्रतिनिधिसभाका लागि सम्बन्धित दलले पेस गरेको बन्दसूचीमा सूचीकृत उम्मेदारको संख्याअनुसार प्रतिउम्मेदवार दुई लाख रूपैयाँ र प्रदेशसभातर्फ एक लाख ५० हजार रूपैयाँ निर्धारण गरिएको छ ।

दल र उम्मेदवारले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम तथा निर्वाचन आचारसंहिता, २०७९ र सम्बन्धित निर्देशिका बमोजिम तोकिएको हदअन्तर्गत मतदाता नामावली खरिद, सवारीसाधन, प्रचारप्रसार सामग्री, गोष्ठी अन्तर्क्रिया, अन्य प्रचारप्रसार, छापा एवं विद्युतीय माध्यम (सामाजिक सञ्जालसमेत), कार्यालय सञ्चालन र प्रतिनिधि परिचालनलगायतका क्षेत्रमा खर्च गर्न पाउने छन् ।

आयोगले गत असोज १६ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ राजनीतिक दल वा उम्मेदवारले गर्ने खर्चको अधिकतम सीमा निर्वाचन क्षेत्रको मतदाता संख्या, मतदान केन्द्रको संख्या र क्षेत्रफललाई आधार मानी सूत्रमा आधारित भई निर्वाचन खर्चको हद तोकेको हो । गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा निर्वाचन खर्चको विवरण नबुझाउने एक लाख १४ हजार ९५८ र तोकिएको समयावधिपछि निर्वाचन खर्चको विवरण बुझाउने आठ हजार ६६६ समेत गरी कूल एक लाख २३ हजार ६२४ उम्मेदवारलाई आयोगबाट जरिवानासहित कारबाही गरिएपछि निर्वाचन खर्चको विवरण दुरुस्त राख्न दल र उम्मेदवार बाध्य भएका छन् ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा ४ र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र निर्वाचन खर्चको विवरण नबुझाउनेलाई आयोगले जरिवाना तोक्नेछ ।

प्रत्यक्षतर्फ खर्चको सीमा निर्धारण गर्दा आयोगले निर्वाचन क्षेत्रमा कायम मतदाताको संख्यालाई ६० प्रतिशत, मतदान केन्द्रको आधारमा सम्बन्धित निर्वाचन क्षेत्रमा कायम भएको मतदान केन्द्रको संख्यालाई २० प्रतिशत र भौगोलिक क्षेत्रको हकमा सम्बन्धित निर्वाचन क्षेत्रले ओगटेको क्षेत्रफललाई २० प्रतिशत भारलाई आधार मानेको छ । आचारसंहिताबमोजिम निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैं वा प्रतिनिधिमार्फत मतदान सम्पन्न भएको १५ दिनभित्र निर्वाचन कार्यालयमा पेस गर्नुपर्नेछ ।

निर्वाचन खर्चको हिसाबकिताब आयोगले तोकेको ढाँचा र लेखाप्रणालीअनुसार राख्नुपर्ने र राजनीतिक दलको तर्फबाट हुने निर्वाचनसम्बन्धी स्वेच्छिक आर्थिक सहयोग लिँदा तथा खर्च गर्दा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३८ र निर्वाचन आचारसंहिता, २०७९ को दफा १६ बमोजिम गर्नुपर्नेछ । राजनीतिक दलले निर्वाचनसम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोकी निजको नाम नामेसीसहितको विवरण १० दिनभित्र आयोगमा पठाउनुपर्नेछ ।

**एक सय मतदान केन्द्र अपांगतामैत्री बनाइँदै**

आगामी निर्वाचनका लागि १०० मतदान केन्द्रलाई अपांगतामैत्री बनाइने भएको छ । निर्वाचन आयोगले गरेको निर्णयानुसार ती केन्द्रमा सांकेतिक भाषा सूची, त्यहाँ खटिने कर्मचारीलाई सांकेतिक भाषा प्रयोगसम्बन्धी अभिमुखीकरण, मतदान गर्ने तरिकासम्बन्धी ब्रेल सामग्री, रंगीचंगी डोरी तथा पोल, र्‍याम्प निर्माण, ह्वीलचेयर प्रवेश गर्न सक्ने मतदान केन्द्र निर्माण, अपांगता भएका व्यक्तिका लागि टेबुल तथा कुर्सीको व्यवस्था गरिनेछ । आयोगले निर्वाचनका लागि कूल २२ हजार २२६ मतदान केन्द्र तय गरेको छ ।

# चन्द्रग्रहण : भरणी नक्षत्र र मेष राशिलाई कष्ट

**काठमाडौं–** भोलि कात्तिक २२ गते मंगलबार लाग्ने ग्रस्तोदित खग्रास चन्द्रग्रहण भरणी नक्षत्र र मेष राशिका व्यक्तिलाई अतिकष्टदायक रहेको नेपाल पञ्चांग निर्णायक विकास समितिले जनाएको छ ।

चन्द्रग्रहण मेष राशिलाई घात, वृष राशिलाई व्यय, मिथुन राशिलाई लाभ, कर्कट राशिलाई सुख, सिंह राशिलाई माननाश, कन्या राशिलाई कष्ट फल दिने योग रहेको समितिले प्रकाशन गरेको 'राष्ट्रिय पञ्चांगम्' मा उल्लेख गरिएको छ । यसैगरी तुला राशिलाई स्त्रीपीडा, वृश्चिक राशिलाई सुख, धनु राशिलाई चिन्ता, मकर राशिलाई व्यथा, कुम्भ राशिलाई श्रीप्राप्ति र मीन राशिलाई क्षतिको फल मिल्ने पनि उल्लेख गरिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले जानकारी दिए ।

कात्तिक २२ गते बेलुकी ०५:११ बजे चन्द्रोदय हुँदादेखि नै ग्रहण लागेर नै उदय हुने भएकाले ग्रस्तोदित चन्द्रग्रहण भनिएको हो । ग्रहणले पूरै चन्द्रमा ढाक्ने भएकाले खग्रास भनिएको हो । बेलुकी ०५:१३ बजे सूर्यास्त भएपछि ग्रहण स्पष्टरूपमा देखिनेछ ।

बेलुकी ०५:२७ बजे ग्रहणको उन्मीलन हुने समितिले जनाएको छ । बेलुकी ०६:३४ बजे ग्रहण सकिन्छ । एक घण्टा २३ मिनेट नेपालबाट ग्रहण देखिनेछ । चन्द्रग्रहणको नौ घण्टाअघिदेखि सुतक लाग्ने धर्मशास्त्रका ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् प्रा.डा. रामचन्द्र गौतमले बताए ।

कात्तिक २२ गते मंगलबार बिहान ०८:११ बजेदेखि बाल, वृद्ध र बिरामीबाहेकलाई भोजन निषेध गरिएको छ । बेलुकी ०६:३४ बजे ग्रहण सकिएपछि मात्र भोजन गर्न हुने पनि उनले बताए । ग्रहणका बेला जप, स्नान, ध्यान, पाठलगायत कर्म गर्दा फलदायी हुने शास्त्रीय वचन छ ।

यसअघि कात्तिक ८ गते मंगलबार कार्तिक कृष्ण औंसीका दिन सूर्यग्रहण लागेको थियो । यसरी यो वर्षको कात्तिक महिनाका दुवै पक्षमा ग्रहण लाग्ने समितिले जनाएको छ । औंसीमा सूर्यग्रहण र पूर्णिमामा चन्द्रग्रहण लाग्छ । *रासस*

# प्रहरी परिवारका बच्चालाई छात्रवृत्ति

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रहरी श्रीमती संघ र निजी तथा आवासिय विद्यालय अर्गनाइजेशन नेपाल(प्याव्सन)बीच बहालवाला प्रहरी कर्मचारीका परिवार, अमर प्रहरी परिवार तथा पुर्व प्रहरी परिवारका सन्ततीहरूलाई प्याबसनसँग आवद्ध सदस्य विद्यालयहरूमा छात्रवृत्ति तथा भर्ना शुल्क नलिने सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । नेपाल प्रहरी श्रीमती संघकोतर्फबाट संघकी अध्यक्ष श्रीमती कुसुम लता सिंह र निजी तथा आवासिय विद्यालय अर्गनाइजेशन नेपाल (प्याव्सन) कोतर्फबाट प्याबसनका अध्यक्ष डीके ढुंगानाले संघको कार्यालय भृकुटीमण्डपमा आइतबार आयोजित कार्यक्रममा उक्त सम्झौतापत्रमा हस्ताक्षर गर्नुको साथै सम्झौतापत्र आदानप्रदान समेत गरे। कार्यक्रममा संघकी अध्यक्ष सिंहले शान्ति सुरक्षा तथा अपराध नियन्त्रणको अतिरिक्त प्राकृतिक प्रकोप, आपद विपद्मा समेत आफ्नो ज्यानको प्रवाह नगरी देश र जनताको लागि खटिएका प्रहरी कर्मचारी, अमर प्रहरी तथा पूर्व प्रहरी कर्मचारीहरूले पुऱ्याएको योगदानको उच्च मूल्यांकन गरी प्याबसनले प्रदान गरेको सहयोगप्रति कृतज्ञता व्यक्त गरे । साथै उनले आगामी दिनमा समेत संघ र प्यावसनबीचको सहकार्य र समन्वय भइरहने बताए ।

प्याबसनका अध्यक्ष डीके ढुंगानाले राम्रो काम थालनी भएको चर्चा गर्दै शान्ति सुरक्षाका लागि अनवरत खटिने प्रहरी कर्मचारीका सन्ततीहरूलाई शैक्षिक सहयोग गर्न पाउँदा खुसी लागेको बताए । साथै नेपाल प्रहरी श्रीमती संघसँगको समन्वय र सहकार्यमा शैक्षिक गुणस्तर स्तरोन्नती गर्न यस्ता सम्झौताले थप टेवा पुग्ने विचार उनले व्यक्त गरे । प्याबसनसँग आवद्ध सदस्य विद्यालयहरूमा विद्यालय शिक्षा कक्षा १ देखि १२ सम्म छात्रवृत्ति कार्यक्रम संचालन गर्ने र एक सदस्य विद्यालयले १ जना विद्यार्थी पूर्ण दिवा छात्रवृत्ति उपलब्ध गराउने तथा छात्रवृत्तिमा समावेश नभएकाको हकमा भर्ना शुल्क नलिने गरी विद्यार्थी भर्ना गरिने उक्त सम्झौतापत्रमा उल्लेख गरिएको छ । प्रस्तुत सम्झौता आगामी २०८१ सालसम्म २ वर्षका लागि लागू हुनेछ ।

उक्त अवसरमा प्याबसनका पदाधिकारीहरू, श्रीमती संघका पदाधिकारीहरू लगायतको उपस्थिति रहेको थियो ।

## जुवा खेल्ने १० जना पक्राउ

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका-६ नयाँबजार गिताञ्जली चोक बस्ने राजेश श्रेष्ठको घरमा जुवातास खेलिरहेको अवस्थामा नागार्जुन नगर पालिका-१ बस्ने ४३ वर्षीय रोशन ठकुरीसमेत १० जनालाई शनिबार पक्राउ गरिएको प्रहरीले जनाएको छ । उनीहरुमाथि थप अनुसन्धान भइरहेको जनाएको छ ।

**नाम परिवर्तन गरिएको बारे**

**यस "क्याफिन कफि स्कुल प्राइभेट लिमिटेड" कम्पनीको मिति २०७५/०७/२५ गतेका दिन नाम परिवर्तन भई "एकेडेमी अफ स्पेसियाल्टि कफि प्राइभेट लिमिटेड" भएको सबैमा जानकारी गराउँदछु ।**

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : KCSS WIREMESH SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०७/१९ LT. No. 274901 चलानी नं. ६०१९२२३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 1 | 0 | 1500 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

कम्पनी : POLYWARE SND.BHD.

पूर्व स्वीकृति मिति २०७९/०७/१९ LT. No. 274900 चलानी नं. ६०१९२२३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक २८ गते (14th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.** श्रम ईजाजत नं. ३१७/०५९/०६०

सामाखुसी-२६, काठमाडौं, फोन नं. : ४९५७७३४, ४९८१९२२, ४९८३९४४,
Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np

**सोताङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सोताङ, सोलुखुम्बु**
**प्रदेश नं. १**

**क्याटलग/ब्रोसर सपिङ विधिबाट Motorcycle र Scooter खरिद सम्बन्धी Specification परिवर्तन सहितको सूचना**

(सूचना प्रकाशन मिति :- २०७९/०७/२१)

यस कार्यालयबाट मिति २०७९/०७/०५ गते सौर्य दैनिक राष्ट्रिय दैनिक पत्रिका तथा यस गाउँपालिकाको वेबसाइटमा प्रकाशित Motorcycle र Scooter खरिद सम्बन्धी सूचनामार्फत सिलबन्दी प्रस्ताव आव्हान गरिएकोमा कुनै पनि प्रस्ताव दाताबाट सिलबन्दी प्रस्ताव दर्ता हुन नआएको हुँदा मिति २०७९/०७/२३ गतेसम्म म्याद थप गर्नुका साथै Motorcycle र Scooter को specification परिवर्तन गरिएकोले यो सूचना प्रकाशन गरिएको छ । Motorcycle र Scooter को परिवर्तित specification यस कार्यालयको वेबसाइट www.sotangmun.gov.np मा हेर्न सकिनेछ । साथै सिलबन्दी प्रस्ताव दर्ताको समय मिति २०७९/०७/२३ गते दिउँसो १२ बजेसम्म रहने र सोही दिन दिउँसो २ बजे प्रस्ताव खोलिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

**FREE VISA ! FREE TICKET!!**
**FREE FOOD! FREE ACCOMODATION !!**

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AHMED IMPORT & EXPORT SERVICES CO...

पूर्व स्वीकृति मिति २०७९/०७/२० LT No.275018 चलानी नं. ६०१९०५६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 19 | 0 | 1000 | ३६,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक २८ गते (14th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था:रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Manpower Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ०८/०४२/४३
Sanepa-1, Lalitpur
Phone: +977-1-015183325, 015183326, 5183327,9863191056, 9818224732, E-mail: hmanpowerservicepltd@yahoo.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : NATIONAL FOOD COMPANY FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०७९/०३/१० पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/२० LT. No. 265846 चलानी नं. ६०१८१६८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 11 | 0 | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FOOD TREE FOUNDATION TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०७८/१२/२० पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/२० LT. No. 260734 चलानी नं. ६०१९०५९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 4 | 0 | 1200 | ४२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAIF MOHAMMED MITREK AL QAHTANY READY MIX CONCRETE FACTORY

पूर्व स्वीकृति मिति २०७८/०६/१४ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/२० LT. No. 246904 चलानी नं. ६०१९०५९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 2 | 0 | 1900 | ६६,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक २८ गते (14th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## चुनाव जित्न...

पृष्ठ १ बाट जारी

मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे भन्दै आएका छन् ।

पाण्डे कांग्रेसको तर्फबाट गोरखा-२ को प्रदेश (ख)का उम्मेदवार छन् । उनी यसअघि गोरखा-२ मा कांग्रेस उम्मेदवार हुने दाउमा थिए ।

तर, अन्तिम अवस्थामा दाहाल राजनीतिक क्रान्तिको प्रारम्भ गर्ने थलो गोरखा भएको र देशमा आर्थिक क्रान्तिको प्रारम्भ पनि गर्न गोरखाबाटै गर्ने भन्दै आएपछि उनले गोरखा-२ दाहाललाई छाडेका थिए । यसलाई त्यागका रूपमा पाण्डेले व्याख्या गरेका छन् । प्रधानमन्त्रीसमेत रहेका पार्टी सभापति देउवा र माओवादी अध्यक्ष दाहालको आग्रहअनुसार प्रदेशमा झरेर उम्मेदवार बनेको भन्दै उनले देउवा-दाहालबीच केही सरसल्लाह भएको हुनुपर्छ भन्दै शंकाको सुविधा दिए ।

'पार्टीले मुख्यमन्त्रीको रूपमा चुनाव जितेको अवस्थामा अघि बढाउँछु भनेर औपचारिक ढंगले नभन्दासम्म म भावी मुख्यमन्त्री हुँ भनेर हिँड्ने कुरा भएन,' पाण्डेले भने, 'तर, म राष्ट्रिय सभाको कांग्रेस सचेतक भइसकेको नेता र चुनाव लड्न तयारी गरेको क्षेत्र छाड्न लगाएपछि दुई नेताबीच केही खास कुरा भएको हुनुपर्छ ।'

उनले मुख्यमन्त्री बनाउने पूर्वप्रधानमन्त्री दाहालको भनाइमा अविश्वास गर्नुपर्ने कुनै कारण नभएको बताए । 'मेरो योग्यता चुनाव जिते पुग्दैन होला र मुख्यमन्त्री हुन ? राष्ट्रिय सभाको सचेतक भएको मान्छे त्यसै प्रदेशमा झरें होला ? त्यसकारण प्रचण्डको भनाइमा अविश्वास गर्नुपर्दैन,' पाण्डेले भने । उनलाई अर्का पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले पनि गण्डकीको भावी मुख्यमन्त्री भन्दै आएका छन् ।

माओवादी अध्यक्ष दाहालका मुख्य चुनावी प्रतिस्पर्धीको रूपमा एमालेका युवा उम्मेदवार अब्दुस सलाम मियाँ छन् । उनले दाहाललाई गोरखालीले पराजित गरेर पठाउने र आफूलाई जिताउने दाबी गर्दै आएका छन् । मियाँ विवेकशील साझा पार्टी त्यागेर एमाले गएका नेता हुन् ।

तर, गोरखा-२ मा दाहाल उम्मेदवार रहेको माओवादी पहिलो दल छ । जिल्लाको ११ मध्ये नौवटा स्थानीय तह उनको दलले जितेको छ । स्थानीय तह निर्वाचनमा उक्त क्षेत्रमा माओवादी केन्द्रका वडाध्यक्षहरूले करिब २२ हजार मत पाएका थिए । कांग्रेसले पाएको मत २१ हजार छ । दाहाललाई चुनावमा समर्थन गरेका भट्टराईको दलको मत करिब पाँच हजार रहेको ठानिएको छ ।

उक्त क्षेत्रमा एमालेको मत करिब छ हजारको संख्यामा छ । कमजोर जनमत रहेको एमालेका उम्मेदवार मियाँलाई निकै फराकिलो मतान्तरले पराजित गर्ने दाहालको चाहना छ । त्यसका लागि उनले कांग्रेसबाट राम्रो मत प्राप्त गर्नुपर्छ ।

कतै कांग्रेसबाट अन्तर्घात भए भने दाहाललाई चुनाव जित्न चुनौती पनि हुन सक्छ । यही बुझेर पाण्डेलाई मुख्यमन्त्री बनाउने आश्वासन दाहालले दिएको अर्थमा कतिपयले बुझेका छन् । यदि, गठबन्धन चुनावपछि पनि टिक्यो र देउवासँगै दाहालको आशीर्वाद पाए भने पाण्डे मुख्यमन्त्री हुन पनि सक्छन् । गण्डकीमा हाल त्यहाँ एकीकृत समाजवादीका राजेन्द्र पाण्डे मुख्यमन्त्री छन् ।

# एमाले नेताले मागे झाँक्रीको पक्षमा मत

**गुल्मी (प्रसं)–** नेकपा एमालेका युवा नेता शेषकान्त गौतमले गुल्मी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यका लागि नेकपा एकीकृत समाजवादीकी उम्मेदवार रामकुमारी झाँक्रीको पक्षमा मतदान गर्न सिंगो पार्टीपंक्ति तथा जनसमक्ष अपिल गरेका छन् ।

आइतबार एक प्रेस विज्ञप्ति जारी गर्दै गौतमले कम्युनिष्ट आन्दोलनको यात्रामा लामो समय नजिकबाट सँगै काम गरेको तथा सिंगो व्यवस्था र लोकतान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको एक क्रान्तिकारी जनजाति परिवारको महिला नेतृलाई संयुक्त गठबन्धनले साझा उम्मेदवारको रूपमा प्रस्तुत गरेको भन्दै कलम चिह्नमा मतदान गरी झाँक्रीलाई विजयी गराउनु उचित ठानेको उल्लेख गरेका छन् ।

एमालेले गुल्मी-२ बाट उम्मेदवार बनाएका गोकर्ण विष्टलाई गौतमले नैतिकताहीन र अनुशासनहीन व्यक्तिका रूपमा चित्रित गरेका छन् । २०३९ सालदेखि अनेरास्ववियुबाट राजनीतिक जीवन सुरु गरेका गौतम यसपटकको निर्वाचनमा उक्त क्षेत्रबाट उम्मेदवारका रूपमा पार्टीबाट सिफारिस भएका थिए । तर, स्थानीय कमिटीको सिफारिस लत्याउँदै पार्टीले विष्टलाई उम्मेदवार बनायो । उनी २०४९ सालमा पाल्पा क्याम्पसको स्ववियु सभापति थिए ।


## कतारमा रोजगार

**QARTAS BUS RENTAL CO WLL, QATAR** पुन: विज्ञापन

पुर्व स्विकृति मिति: २०७९/03/01 चलानी नं. ६०१८१०१६ LT No. 265022

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 30 | काममा दक्ष | 1700 | 51000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७९ कार्तिक २८ गते (14 November 2022) हुनेछ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: 0

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.:01-4113744


## धितो लिलाम बिक्री गर्ने बारे ७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०७९/०७/२१ गते सोमबार)

यस बैंकबाट तपशिलमा उल्लेखित ऋणी संस्थाले उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सुचना र पत्रद्धारा ताकेता गर्दा तथा मिति २०७३/१२/०७ गतेको नागरिक दैनिक पत्रिकामा कर्जा चुक्ता गर्नको लागि ३५ (पैतिस) दिने सार्वजनिक सूचना, मिति २०७४।० गते आर्थिक दैनिकमा धितो लिलाम सम्बन्धी ३५ दिने सुचना र मिति २०७६/११/२१ गते नेपाल समाचारपत्र दैनिकमा धितो लिलाम सम्बन्धी १५ दिने सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न वझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धि ७ दिने सुचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन र सहकारी ऐन तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने व्यहोरा समते यसै सूचनाद्धारा सूचित गराईन्छ ।

### तपशिल

**सहकारी संस्थाको नाम : श्री तारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड.। रजिष्टर्ड ठेगाना: तिनकुने काठमाडौं ।**

**धितो सुरक्षण राखिएको सम्पति र सुरक्षणधनीको विवरण:**

(१) केदार नाथको नाती दुर्गा प्रसादको छोरा दोलखा जिल्ला पबटी गा.वि.स./न.पा. वडा नं. ७ बस्ने ना.प्र.नं. ३३५१/४१२ को शंकर नाथ उप्रेतीको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला चित्तापोल गा.वि.स/न.पा. वडा नं. ९क को कि. नं. ५०८ को क्षेत्रफल ०-८-०-० को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात र मालपोत कार्यालय, धुलिखेल, काभ्रेमा दर्ता श्रेष्ता कायम रहेको काभ्रे जिल्ला नासिस्थान साँगा गा.बि.स/न.पा. वडा नं. ५ख को कि.नं.११९७ को क्षेत्रफल ०-८-०-० को जग्गा ।



(२) मित्रलालको नाती भुवानी प्रसादको छोरा दोलखा जिल्ला नाम्दु गा.वि.स./न.पा. वडा नं.४ वस्ने ना.प्र.नं. १०९०/२३५१ को माधव प्रसाद घिमिरेको नाममा मालपोत कार्यालय धुलिखेल, काभ्रेमा दर्ता श्रेष्ता कायम रहेको काभ्रे जिल्ला दछुटोल गा.वि.स/न.पा. वडा नं. ३ को कि. नं. १३७८ र १३८० को क्षेत्रफल क्रमश : ०-७-०-२.५ र ०-१२-३-० को जग्गा ।



(३) कृष्ण भक्त सैजुको नाती विजय सैजुको छोरा काभ्रे जिल्ला पनौती नाला गा.वि.स./न.पा. वडा नं. ४ वस्ने ना.प्र.नं. ४९ को रवी भक्त सैंजुको नाममा मालपोत कार्यालय धुलिखेल, काभ्रेमा दर्ता श्रेस्ता कायम रहेको काभ्रे जिल्ला महेन्द्रज्योती गा.वि.स./न.पा. वडा नं. ७ ख को कि.नं. ११८ को क्षेत्रफल १-५-१-१ को जग्गा ।



**लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:**

१. बोलपत्र फारम रु ५००/- (पाँच सय) शुल्क बुझाई बैंकको शाखा कार्यालय बानेश्वर र केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले ८ औं दिन दिउँसो ३:०० बजे खोलिने छ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट उल्लेखित समयमा खोलिने छ ।
३. धितो लिलाम सम्बन्धि शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । साथै फारममा उल्लेख भएका बोलपत्र सम्बन्धि शर्तहरु यसै सूचनाका अभिन्न अंग हुनेछन् ।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय: कुपण्डोल, ललितपुर, फोन: ०१-५९८०१८२, Web: www.ncbl.coop

## मेगा बैंक नेपाल लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना


(प्रकाशित मिति : २०७९/०७/२१)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीहरु तथा जमानीकर्ताहरुले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणीहरु, जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणीहरु तथा जमानीकर्ताहरु लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वितीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति** २०७९/०७/२७

**बोलपत्र खोलिने मिति** २०७९/०७/२८ दिउँसो ३ बजे

### तपसिल

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण | धितो सुरक्षण दिने व्यक्ति, ऋणी तथा जमानीकर्ताहरुको फोटो |
|---|---|---|---|---|
| १. | अधिविकर्ष कर्जा | **१.) ऋणी :** **न्यू अग्रहरी ब्रदर्श एण्ड सप्लायर्स** प्रा.फ.र.नं. : ७८२०/०५५ ठेगाना : रामग्राम ०३, नवलपरासी<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. विजय कुमार अग्रहरी** (ना.प्र.नं. ४२४९२, मिति २०४१/१२/२२ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : भिषी प्रसाद अग्रहरी बाजे : बुद्ध प्रसाद अग्रहरी<br>**२. विनोद कुमार अग्रहरी** (ना.प्र.नं. ३८४७७, मिति २०५३/०३/१७ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : भिषी प्रसाद अग्रहरी बाजे : बुद्ध प्रसाद अग्रहरी<br>**३. मीना देवी अग्रहरी** (ना.प्र.नं. ३२०, मिति २०४६/०२/२९ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) पति : विजय कुमार अग्रहरी ससुरा : भिषी प्रसाद अग्रहरी<br>**४. भिषी प्रसाद अग्रहरी** (ना.प्र.नं. १४४०, मिति २०३०/०२/०४ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : बुद्ध प्रसाद अग्रहरी बाजे : लोचन प्रसाद अग्रहरी<br>(कर्जा चुक्ता गर्न ३५ दिने सार्वजनिक सूचना) (प्रकाशित मिति २०७९/०४/१८) (धितो लिलामी सम्बन्धी १५ दिने सूचना) (प्रकाशित मिति २०७९/०६/०९) (नयाँ पत्रिका/सौर्य राष्ट्रिय दैनिक) | भिखी प्रसाद अग्रहरी वनियाको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, परासी गा.वि.स./न.पा. वडा नं. ०६ स्थित कि.नं. ७६१ (०-२-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |  विजय कुमार अग्रहरी<br> विनोद कुमार अग्रहरी<br> मीना देवी अग्रहरी<br> भिषी प्रसाद अग्रहरी |
| २. | विविध कजा | **२) ऋणी : पाथिभरा मार्बल्स एण्ड ग्रेनाइट प्रा. लि.** दर्ता नं. : २१६७८७/७५/०७६ ठेगाना : का.म.न.पा. ३२, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सौरब सिटौला** (ना.प्र.न ०४-०१-६८/०५४०६, मिति २०६८/१२/२६ मा जि.प्र.का. झापाबाट जारी भएको ) बाबु : दुर्गा प्रसाद सिटौला बाजे : मेदनी प्रसाद सिटौला<br>**२. डिल्ली कुमार मैनाली** (ना.प्र.न ३५७४३५५९, मिति २०४३/२/१४ मा जि.प्र.का. झापाबाट जारी भएको) बाबु : गोपिचन्द्र मैनाली बाजे : अभिचन्द मैनाली<br>**३. चेत राज सिटौला** (ना.प्र.न ८५०११२९२, मिति २०५७/२/३२ मा जि.प्र.का. झापाबाट जारी भएको) बाबु : मेदनी प्रसाद सिटौला बाजे : नारायण प्रसाद सिटौला<br>(कर्जा चुक्ता गर्न ३५ दिने सार्वजनिक सूचना) (प्रकाशित मिति २०७९/०१/२७) (धितो लिलामी सम्बन्धी १५ दिने सूचना) (प्रकाशित मिति २०७९/०३/१६ र २०७९/०५/०९) (राजधानी/आर्थिक अभियान/ नयाँ पत्रिका राष्ट्रिय दैनिक) | १. डिल्ली कुमार मैनालीको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, गरामनी गा.वि.स./न.पा. वडा नं. ०३ स्थित कि.नं. ३०६ (५६९.०० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. ऋणी फर्म पाथिभरा मार्बल्स एण्ड ग्रेनाइट प्रा. लि.को नाममा रही मेगा बैंक नेपाल लिमिटेडको नाममा धितो बन्धक (हाइपोथिकेशन) मा रहेको सामानहरुको मोज्दातहरु (स्टकस) । |  सौरब सिटौला<br> डिल्ली कुमार मैनाली<br> चेत राज सिटौला |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट : विस्तृत जानकारीको लागि यस मेगा बैंक नेपाल लिमिटेडको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, राईजिङ्ग मल, कमलादी, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ।

MEGA BANK NEPAL LIMITED मेगा बैंक नेपाल लिमिटेड

**मेगा बैंक नेपाल लिमिटेड**, राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९
फोन नं.: ९७७-१-४१६९२५०/५१/५३/५४, फ्याक्स नं.: ९७७-१-४१६९२१५ वेवसाइट: www.megabanknepal.com

## बूढानीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हात्तिगौडा, काठमाडौं, बागमती प्रदेश

प्रकाशित मिति: २०७९/०७/२१

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

यस कार्यालयद्वारा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम यस कार्यालयको तपशिल कार्यहरुको मूल्यांकन गर्दा तपसिलका बोलपत्र न्युनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ ।

| सि.नं. | ठेक्काको नाम / नं | बोलपत्रदाताको नाम | कबोल अंक मु.अ.क बाहेक |
|---|---|---|---|
| १. | Procurement of Stationary and Masalanda Goods, NCB/BNP/GW/079_080/01 | S.M. Traders and Suppliers, Kathmandu Metropolitan_32, Tinkune | ४३,१४,१२०।०० |

## त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धनप्राप्त
## नलगाड बहुमुखी क्याम्पस

दल्ली, जाजरकोट

२०६९

### बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना

प्रकाशित मिति :- २०७९।०७।२१

यस क्याम्पसको तपशिलमा उल्लेखित खरिद कार्यको लागि प्रकाशित सार्वजनिक सुचना बमोजिम नियम अनुसार म्याद भित्र पर्न आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागी छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विबरण | स्वीकृत हुने बोलपत्रदाता/ फर्मको नाम र ठेगाना | स्वीकृत रकम (भ्याट सहित) NRs |
|---|---|---|---|
| NMC/UGC/ Works/01/079/080 | Construction of Academic Building (Super structure For Nalgad Multiple Campus) Nalgad municipality Ward No 07 Jajarkot | नहकुली निर्माण सेवा एण्ड नहकुली सप्लायर्स भेरी नगर पालिका ०३ जाजरकोट | ५३,८४,३०८.७६ (त्रिपन्न लाख,चौरासी हजार तिन सय आठ रुपैया छयत्तर पैसा) |

(क्याम्पस प्रमुख)

## सच्याइएको

२०७९ कात्तिक २० गते प्रकाशित यस प्रभाव दैनिकको वर्ष ९ अंक १८५ मा प्रकाशित भएको **डिभिजन वन कार्यालय, दार्चुला**को विज्ञापनमा **'बोलपत्र स्वीकृत गर्ने आशयको सूचना'** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

## सच्याइएको

२०७९ कात्तिक २० गते प्रकाशित यस प्रभाव दैनिकको वर्ष ९ अंक १८५ मा प्रकाशित **भौतिक पूर्वाधार विकास मन्त्रालय शहरी विकास तथा भवन कार्यालय,** बैतडीको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचनामा कबोल अंक (मू.अ.कर र प्रोभिजनल सम बाहेक) हुनु पर्नेमा कबोल अंक (मू.अ.कर र प्रोभिजनल सम समेत) भएकोले सोही व्यहोरा जानकारीका लागि अनुरोध गरिन्छ ।

## No Objection Letter Lost

मिति 2079-2-21 गते जडीबुटि, काठमाडौंदेखि वानेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको No Objection Letter Lost हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरि दिनु हुनु अनुरोध गर्दछु ।

Name : **Sabina Tamang**
No Objection Letter No. **784214029**
Address : **Kavrepalachowk, Temal Rural Municipality-8**
Mobile : **9810339407**

## No Objection Letter Lost

मिति 2079-2-21 गते जडीबुटि, काठमाडौंदेखि वानेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको No Objection Letter Lost हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरि दिनु हुनु अनुरोध गर्दछु ।

Name : **Subash Tamang**
No Objection Letter No. **784251446**
Address : **Bhimeshwor 12, Dolakha**
Mobile : **9808337272**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## कोप-२७ मा नेपालको एजेण्डा

जलवायु परिवर्तन अहिले विश्वको एक प्रमुख समस्या बनेको छ। जटिल बन्दै गएको यो समस्याले विश्वलाई नै प्रभावित तुल्याइरहेको छ। जलवायु परिवर्तनको असरबाट नेपाल पनि नराम्ररी प्रभावित बनिरहेको छ। यसको असर नेपालमा दिनानुदिन बढ्दै गएको छ। नेपालका हिमालहरू पग्लिँदै जानु तथा अन्य समस्याहरू थपिँदै जानु नेपालका लागि ठूलो चिन्ताको विषय बनेको छ।

यहीबीच जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसिसिसी) को पक्ष राष्ट्रको २७औं सम्मेलन (कोप-२७) आइतबारदेखि इजिप्टको शार्म एल-शेखमा सुरु भएको छ। सम्मेलन आगामी मंसिर २ गतेसम्म चल्नेछ। सम्मेलनमा १९७ पक्ष राष्ट्रका करिब ३० हजार सरकारी अधिकारी, गैरसरकारी संस्था पदाधिकारी, अनुसन्धानकर्ता, वन वातावरण विषयका विज्ञ, नागरिक समाज र सञ्चारकर्मीलगायतको सहभागिता रहेको बताइएको छ। नेपालले महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीको नेतृत्वमा सहभागिता जनाएको छ। मन्त्री रेग्मीसँगै सम्मेलनका औपचारिक र अनौपचारिक बैठक तथा साइडलाइन वार्ताहरूमा वन तथा वातावरण मन्त्रालयका सचिव डा.पेमनारायण कँडेल, सहसचिव र अन्य सरकारी प्रतिनिधिहरूले सहभागिता जनाउने छन्।

यस सम्मेलनको विज्ञानमा आधारित चुनौती र 'रियो' १९९२ देखि 'ग्लास्गो' २०२१ (कोप २६) सम्म भएका सम्झौता, निर्णय र प्रतिबद्धतामा आधारित भएर समावेशी र महत्त्वाकांक्षी परिणामहरू दिने लक्ष्य तथा उद्देश्य रहेको छ। साथै, उत्सर्जन न्यूनीकरण, अनुकूलन प्रयासहरूलाई बढावा दिने र उपयुक्त वित्तको बढ्दो प्रवाहको माध्यमबाट विश्वव्यापी जलवायु कार्यलाई गति दिनेसमेत सम्मेलनको लक्ष्य कोपको सचिवालयले जनाएको छ।

कोप-२७ मा नेपालले पर्वतीय मुद्दामा नेतृत्व गर्ने बताइएको छ। यसैगरी विश्वका धनी र विकसित राष्ट्रहरूलाई आफ्नो महत्त्वाकांक्षी एनडिसिज र दीर्घकालीन न्यून उत्सर्जन विकास रणनीति परिमार्जन गरी पुनः बुझाउन अनुरोध गर्नेछ। यसको पालनामा कोपको सचिवालयलाई सक्रिय नेतृत्वका लागि नेपालले पैरवी गर्ने वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख सहसचिव डा. बुद्धिसागर पौडेलले बताए।

